# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

च.न. १२८२
प.स.२०८०/२०८१

V9F8+RM

### निजी वन/ निजी जग्गामा वृक्षारोपण अनुदानको लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८०/११/१७)

उपरोक्त सम्बन्धमा यस रैनादेवी छहरा गाउँपालिकाको आ.व २०८०/८१ मा सञ्चालन भईरहेको समृद्धिको लागि वन कार्यक्रम अन्तर्गत निजी वन/निजी जग्गामा वृक्षारोपण अनुदान कार्यक्रम (महिला, दलित तथा विपन्न वर्गलाई प्राथमिकता) कार्यान्वयनको लागि सहभागी हुन इच्छुक भएका व्यक्ति, समुह, कृषक समूह, सहकारी, कृषि वन समूह, वा सार्वजनिक संस्थाहरुले आफुले रोप्न चाहेको वहु-उपयोगी मिश्रित प्रजातिहरु छनोट गरी (व्यक्तिको हकमा १०० विरुवा नघट्ने गरी ०.०६२५ हे. क्षेत्रफल/समुहको हकमा ८०० विरुवा नघट्ने गरी ०.५ हे. क्षेत्रफल) यो सुचना प्रकाशित भएको मितिले २५ दिनभित्र उल्लेखित कागजात संलग्न राखी सम्बन्धित वडा कार्यालय वा यस गाउँपालिकाको कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।

आवश्यक कागजातहरु :

१. निवेदन (वृक्षारोपण गर्न ईच्छुक प्रजातीहरु, संख्या र अनुमानित क्षेत्र खुलाई)

२. वृक्षारोपण गर्ने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी।

३. नेपाली नागरिकताको प्रतिलिपी।

४. समूहको हकमा सम्बन्धित समूहले फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी, समुह बैठकको निर्णयको प्रतिलिपी।

द्रस्टव्यः पचास प्रतिशत (५०%) अनुदानलाई शतप्रतिशत मानी वृक्षारोपण कार्यक्रमको अनुगमन प्रतिवेदन पश्चात पहिलो वर्ष ४०%, दोश्रो वर्ष ३०% र तेश्रो वर्ष ३०% रकम अनुदान प्रदान गरिनेछ।

पुनश्चः विस्तृत जानकारीको लागि वन प्राविधिक श्री सुरुची भट्टराई (९८६७३९४४४१) संग सम्पर्क गर्नुहुन अनुरोध छ।

कृष्ण प्रसाद तिमिल्सिना
प्रमख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत